धुलिखेल नगरपालिका कार्यालय

धुलिखेल,काभ्रे

**सूचीमा दर्ता हुन आउने सूचना**

प्रथक पटक प्रकाशित मिति : ०७३/०३/०३

यस नगरपालिका कार्यालयको आ.व. ०७३/०७४ का लागि तपसीलमा उल्लेखित कार्य गर्न इच्छुक फर्म, कम्पनी, सप्लायर्स, साझेदार, संघसंस्था वा गैर सरकारी संस्थाबाट, फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि, व्यवसाय दर्ताको ईजाजतपत्रको प्रतिलिपी, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजश्व विभागबाट आ.व. ०७१/०७२ को कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि सहित आफुले गर्ने कार्य एक वा एक भन्दा बढी प्रत्येक समुहका लागि छुट्टा छुट्टै र विषयमा समुह स्पष्ट साथ आफनो प्रस्ट नाम, ठेगाना, टेलिफोन वा मोवाइल नम्बर र ईमेल , फर्म दर्ता भएको जिल्ला, फर्म दर्ता भएको वर्ष खुलाई सूची दर्ता फाराम यस कार्यालयको राजश्व प्रशासन शाखाबाट रु ३००। (अक्षरेपी रु तीन सय) मात्र पछि फिर्ता नहुने गरी र निबेदन दस्तुर वापत रु २०।- गरी जम्मा ३२०।- ( अक्षेरेपी तीनसय बिस ) नगदै तिरी प्रोप्राईटर वा निजले अख्तियार दिएको ब्यक्तिद्वारा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा आवेदन फाराम खरिद तथा दर्ता गर्न सकिनेछ र रीत नपुगेका दरखास्तहरुलाई मान्यता दिइने छैन।

**पुनश्च-** संघ संस्था, गैर सरकारी वा साझेदार संस्थाको हकमा नेपाल सरकारमा विधिवत संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, नविकरण प्रतिलिपि, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि तथा कार्यक्षेत्रको अनुभव प्रमाणपत्र प्रतिलिपी पेश गर्नु पर्नेछ।

## तपशिल :

**क) खरिद तथा आपूर्ति तर्फ :**

१) स्टेशनरी, मसलन्द तथा अरु मालसामान
२) छपाई सामाग्री तथा कार्य
३) विद्युत्तिय उपकरण तथा सामाग्री
४) सडकबत्ती तथा विजुली सामाग्री
५) हार्डवेयर तथा सरसफाई सामाग्री
६) मेशिनरी औजार तथा अन्य उपकरण सामान
७) फर्निचर, फर्निसिङ्ग तथा फलोरिङ्ग
८) ईन्धन
९) निर्माण समागी तथा ह्युम पाईप

**ख) मर्मत सेवा तर्फ :**

१) सर्भर, कम्प्युटर, फोटोकपी, फयाक्स, प्रिन्टर तथा नेटवर्किङ्ग
२) सवारी साधन
३) निर्माण संभार तथा रङ्गरोगन
४) फर्निचर
५) ग्रील तथा आल्मुनियम

**ग) परामर्श सेवा तर्फ :**

१) खरिद सम्बन्धि अध्ययन अनुसन्धान तथा परामर्श
२) विभिन्न सफ्टवेयर निर्माण तथा परामर्श
३) सामाजिक सेवा सम्बन्धि परामर्श सेवा/व्यवस्थापन प्रशासन सम्बन्धी

**घ) ईन्जिनियरीङ्ग सेवा तर्फ :**

१) घर नक्शा निर्माण
२) ईन्जिनिरीङ्ग सेवा र परामर्श

**ङ) अन्य सेवा तर्फ :**

१) लक्षित समुह विकास कार्यक्रम
२) चमेना गृह संचालन
३) हेभी मेशिनरी उपकरण तथा औजार
४) एफ एम रेडियो तथा प्रसारण
५) पत्र पत्रिका तथा विज्ञापन
६) फोहर संकलन तथा व्यवस्थापन सम्बन्धि कार्य
७) सुरक्षा गार्ड
८) कार्यालय सरसफाई तथा बगैचा रेखदेख
९) पार्किङ्ग व्यवस्थापन
१०) सार्वजनिक निजी साझेदारी सञ्चालन र व्यवस्थापन कार्य
११) पोखरी, पार्क तथा बगैचा व्यवस्थापन
१२) नगर निरीक्षक तथा बजार व्यवस्थापन
१३) सडकब्रत्ती मर्मत ईलेक्ट्रिसियन
१४) सार्वजनिक शौचालय संचालन र व्यवस्थापन

खरिद ईकाइ

फोन नं. -०११-४९०३२४, ४९०७२४